आँबुखैरेनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँवुखैरेनी, तनहुँ

**आँबुखैरेनी गाउँपालिका क्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी E- Bidding बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६/०४/३१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) एवं आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७६/०७७ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी आँबुखैरेनी गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७४/०७५ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रित पुर्वकको E- Bidding को माध्यमबाट वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | घरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| २/०७६/०७७ | खण्ड क. आँवुखैरेनी गाँउपालिका वडा नं १ भएर वग्ने (सत्रसय, बरादी) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी | ५,६४,४८०।०० | १०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| ३/०७६/०७७ | खण्ड क. आँवुखैरेनी गाँउपालिका वडा नं २ भएर वग्ने ( कुडुलेघाट ,नारीघाट, ढापटार) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी | १६,६६,३९१।५३ | १०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिनभित्र |
| ४/०७६/०७७ | खण्ड क. आँवुखैरेनी गाँउपालिका वडा नं ३ भएर वग्ने - आँबुखैरेनी - ३ कुडुलेघाट, कानाघाट (भुतेरह) ) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी | १४,२२,९५९।५३ | १०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिनभित्र |
| ५/०७६/०७७ | खण्ड क. आँवुखैरेनी गाँउपालिका वडा नं ४ भएर वग्ने - साँखर बेनीटार) मर्स्याङ्गदी नदिको ढुंगा, गिटि, बालुवा आदी | ५,२९,२००।०० | १०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिनभित्र |
| ६/०७६/०७७ | खण्ड ख. आँवुखैरेनी गाँउपालिका वडा नं ५ भएर वग्ने (घुमाउने, लाव्दी खोला) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | २२,८१,४४०।४७ | ३०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिनभित्र |
| ७/०७६/०७७ | खण्ड ख. आँवुखैरेनी गाँउपालिका वडा नं ६ भएर वग्ने (कुप्ती खोला, लमिनी टापु, भुतखोला) सेती नदिको ढुंगा, गिटि, बालुवा आदी | ६७,७३,७६०।०० | ३०००।- | कबोल अंङ्को ५ प्रतिशत | ३० दिनभित्र |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति क्यू.फिट (कर बाहेक) रु ४।००-(चार)

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ ।

२. बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि., आवुँखैरेनी शाखामा रहेको कोष खाता नं. २७०१५२४६१८४५४०२५ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ ।

३ बोलपत्र फारामहरु भरी ३१ औं दिनको १२.०० बजे सम्म PPMO's को website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, व्यक्ति, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७४/०७५ को कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scan गरी PDF format मा वोलपत्र पेश गर्नू पर्नेछ ।

४. दाखिला हुन आएका e-subbmitted वोलपत्रहरु ३१ औ दिनको २:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।

५. वोलपत्रदाताले E-Bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-Bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Formate वा Corruptted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष ०७४/०७५ को कर चुक्ताको नोटरी प्रमाणित प्रतिलिपि र अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ ।

६. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंक लि., आवुँखैरेनी शाखामा रहेको धरौटि खाता नं २७०१५२४६१८४५४०४१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

८. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. शिलवन्दी बोलपत्र फारम पेश गर्दा पालना गर्नुपर्ने अन्य सर्तहरु बोलपत्र फारामको अनुसुचिमा समावेश गरिएको छ ।

१०. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदनलाई पालना गर्नु पर्नेछ ।

११. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-६४००८२ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

आँबुखैरेनी गाउँपालिका, तनहुँ